# सूर्योदय राजपत्र

सूर्योदय नगरपालिकाद्वारा प्रकाशित

खण्ड (७), फिक्कल, इलाम, कोशी प्रदेश, नेपाल, माघ १४ गते, २०८० साल, सङ्ख्या १०

## भाग-२

**यस सूर्योदय नगरपालिकाको कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

# सूर्योदय नगरपालिकाको करार कर्मचारीहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने कार्यविधि, २०८०

कार्यपालिकाबाट स्वीकृत मिति : २०८०।१०।१२ गते

**प्रस्तावना:** नेपालको संविधानको धारा ३४ को उपधारा २ अनुसार श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षाको हक सुनिश्चितता गर्न वाञ्छनीय भएकाले,

सूर्योदय नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सूर्योदय नगरपालिकाको नगर कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम **सूर्योदय नगरपालिकाका करार कर्मचारीहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने कार्यविधि, २०८०** रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशन भए पश्चात् तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यविधि" भन्नाले सूर्योदय नगरपालिकाका करार कर्मचारीहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने कार्यविधि, २०८० सम्झनु पर्दछ ।

(ख) "नगर कार्यपालिका" भन्नाले सूर्योदय नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ ।

(ग) "नगरपालिका" भन्नाले सूर्योदय नगरपालिकालाई सम्झनु पर्दछ ।

(घ) "सभा" भन्नाले सूर्योदय नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्दछ ।

(च) "वडा" भन्नाले सूर्योदय नगरपालिका अन्तर्गतका वडा कार्यालयहरूलाई सम्झनु पर्दछ ।

(छ) "स्वास्थ्य संस्था" भन्नाले सूर्योदय नगरपालिका नगर कार्यपालिकाको कार्यालय मातहत रहेका स्वास्थ्य संस्थाहरूलाई सम्झनु पर्दछ ।

(ज) "प्रमुख" भन्नाले सूर्योदय नगरपालिकाका नगर प्रमुख सम्झनु पर्दछ ।

(झ) "उप-प्रमुख" भन्नाले सूर्योदय नगरपालिकाका नगर उप-प्रमुख सम्झनु पर्दछ ।

(ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सूर्योदय नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(ट) "सामाजिक सुरक्षा कोष" भन्नाले योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ बमोजिम स्थापना भएको सामाजिक सुरक्षा कोषलाई सम्झनु पर्दछ ।

(ठ) “करारका कर्मचारी" भन्नाले सूर्योदय नगरपालिका, नगरपालिकाको कार्यालयले तलव भत्ता भुक्तान गर्ने करार सेवाका कर्मचारीहरूलाई सम्झनु पर्दछ ।

**३. समिति गठन:**

(१) करार कर्मचारीहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सूचीकृत गरी आबद्ध गराउन देहाय बमोजिमको समिति गठन गरिनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(ग) कर्मचारी प्रशासन शाखा प्रमुख - सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठन भएको समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिमको हुनेछ:

(क) सूर्योदय नगरपालिका र अन्तर्गतका कार्यालयहरूमा कार्यरत करार सेवाका कर्मचारीहरूको कार्य अवधि सहितको विवरण तयार गरी निश्चित समय कार्य अवधि पूरा भएका करार सेवामा कार्यरत कर्मचारीहरूको सङ्ख्या यकिन गरी सूचीकरणको निर्णय गर्न नगर कार्यपालिकामा सिफारिस गर्ने ।

(ख) खण्ड (क) बमोजिम सूचीकरणको लागि सिफारिस गर्दा देहायका विषयहरू समेत स्पष्ट खुलाएर सिफारिस गर्नुपर्नेछ।

(१) नगरपालिकाले व्यहोर्ने रकम विनियोजन गर्ने स्रोतको सुनिश्चितता ।

(२) नगरपालिकाको वार्षिक राजश्व वृद्धिदर ।

(३) नगरपालिकालाई वार्षिक थप हुने दायित्व ।

(ग) नेपाल सरकारले जारी गरेको योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, सो सम्बन्धमा बनेका नियमावली, कार्यविधि, राजपत्र वा सङ्घीय सरकार वा परियोजना मार्फत सञ्चालनमा रहेका करार कर्मचारीहरूको सूचीकरण सम्बन्धी अभिलेख राख्ने र नगरपालिकालाई पर्ने आर्थिक दायित्व सम्बन्धी आवश्यक योजना तयार गर्ने ।

(घ) करारका कर्मचारीहरूलाई सामाजिक सुरक्षा कोषमा आबद्धता गराउन सहयोग गर्ने ।

(ङ) अनलाइन माध्यमबाट नगर कार्यपालिकालाई रोजगारदाताको रूपमा र करारका कर्मचारीहरूलाई योगदानकर्ताको रूपमा सूचीकृत गर्न सामाजिक सुरक्षा कोषसँग समन्वय गरी सूचीकरण गर्ने वा गराउने ।

(च) करारका कर्मचारीहरूलाई योगदानकर्ताको रूपमा सूचीकृत गर्न अन्य आवश्यक कार्य गर्ने ।

**४. सूचीकरण र अन्य व्यवस्था :**

(१) दफा ३ को उपदफा (१) बमोजिमको समितिको सिफारिस बमोजिम देहायका विषयहरूलाई आधार बनाएर नगर कार्यपालिकाले सामाजिक सुरक्षा कोषमा योगदानकर्ता सूचीकृत गर्ने प्रयोजनका लागि करार सेवामा कार्यरत कर्मचारीको न्यूनतम सेवा अवधि तोक्नु पर्नेछ ।

(क) नगरपालिकाले व्यहोर्ने रकम विनियोजन गर्ने स्रोतको सुनिश्चितता ।

(ख) नगरपालिकाको वार्षिक राजश्व वृद्धिदर ।

(ग) नगरपालिकालाई वार्षिक थप हुने दायित्व ।

(२) नगर कार्यपालिकाको निर्णय बमोजिम निश्चित अवधि पूरा गरी हालसम्म कार्यरत रहेका करार कर्मचारीहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध गराउँदै लानु नगर कार्यपालिकाको कार्यालयको जिम्मेवारी रहने छ।

(३) नगर कार्यपालिकाले आफ्ना करार कर्मचारीहरूलाई वार्षिक रूपमा आवश्यक पर्ने कर्मचारीहरूको लागि रोजगारदाताले बुझाउनु पर्ने २० प्रतिशत रकम सुनिश्चितता गरी नगर सभाबाट बिनियोजित गराउनु पर्नेछ ।

(४) सूर्योदय नगरपालिका नगर कार्यपालिकाको कार्यालय वा मातहत रहेका वडा कार्यालय तथा स्वास्थ्य संस्थामा कार्यरत करार कर्मचारीहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध गराउन यो कार्यविधि नगर कार्यपालिकाबाट पारित भए पश्चात स्वत: लागु हुनेछ । कर्मचारीहरूको सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने कार्य सूर्योदय नगरपालिका नगर कार्यपालिकाको कार्यालयले गर्नुपर्नेछ ।

(५) सूर्योदय नगरपालिका नगर कार्यपालिकाको कार्यालयले योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध कर्मचारीहरूको योगदानको रकम प्रत्येक महिना योगदान कर्ताको तर्फबाट ११ प्रतिशत र रोजगारदाताको तर्फबाट २० प्रतिशत गरि जम्मा ३१ प्रतिशत रकम सामाजिक सुरक्षा कोषमा जम्मा गर्नेछ ।

(६) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि विभिन्न परियोजना, करार शिक्षक, ससर्त अनुदान मार्फत नियुक्त भइ आएका करार कर्मचारीहरूको हकमा यो कार्यविधि लागू हुने छैन ।

५. **थपघट, हेरफेर र संशोधन :** यस कार्यविधिको समयसापेक्ष कार्यान्वयनका लागि नगर कार्यपालिकाले यो कार्यविधिलाई आवश्यकता अनुसार थपघट वा हेरफेर वा संशोधन गर्न सक्नेछ ।

६. **बाधा अड्काउ फुकाउ :** यो कार्यविधिको कार्यान्वयनको सम्बन्धमा कुनै बाधा अड्काउ परेमा यस कार्यविधिको मूल मर्मको प्रतिकूल नहुने गरी नगर कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्नेछ ।

आज्ञाले

मिलन भट्टराई

नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत